नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय, काभ्रेपलाञ्चोक

प.सं. २०८२/०८३
च.नं

फोन नं. ०११-४९०५९१/१७०
धुलिखेल, काभ्रेपलाञ्चोक

मितिः २०८२/१२/१८

## पत्र लेखन प्रतियोगिता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा गोश्वारा हुलाक कार्यालयको प. सं. ०८२/८३ च.नं. ५८० मिति २०८२/१२/१६ गतेको पत्रबाट UNESCO को सहकार्यमा अन्तर्राष्ट्रिय हुलाक संघ UPU द्वारा आयोजना गर्न लागिएको "Write a letter to a friend about why human connection matters in a digital world" विषयक ५५ औं अन्तर्राष्ट्रिय पत्र लेखन प्रतियोगितामा सहभागी हुन इच्छुक प्रतियोगिहरुलाई गोश्वारा हुलाक कार्यालय, डिल्लीवजारमा मिति २०८२/१२/३० गते भित्र प्राप्त हुने गरी पठाउनु हुन, सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**प्रतियोगितामा सहभागिताका शर्त तथा सेवा सुविधाः**

१.सहभागीको उमेर सन् २०२६ मे ५ सम्म ९ वर्ष पुरा भइ १५ वर्ष पुरा नभएको हुनुपर्ने,

२.नेपालबाट छनौट गरी पठाइएको पत्र विश्वव्यापी पत्र लेखन प्रतियोगताको उत्कृष्ट भित्र पर्न सफल भएमा प्रतियोगी र निजको साथमा एकजना अभिभावकलाई पुरस्कार समारोहमा सहभागी हुन कार्यक्रम आयोजकको तर्फबाट हवाइ टिकट र आवासको व्यवस्था हुने,

३. UPU ले छनौट गरेका उत्कृष्ट ३ प्रतियोगीले Gold, Silver and Bronze मेडल र सर्टिफिकेट पाउने,

४. अन्तर्राष्ट्रिय प्रतियोगितामा सान्त्वना स्थान हासिल गर्ने र आफ्नो देशबाट उत्कृष्ट छनौट भएका सहभागीले हुलाक दिवस, अक्टोबर ९ का दिन स्वदेशमा नै उचित पुरस्कार प्रास गर्ने,

५. पत्र लेखनको भाषा अंग्रेजी मात्र ग्राह्य हुने र अधिकतम ८०० शब्दको हुने,

६. पत्र लेखन गर्दा कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग नगरिकन लेख्नु पर्ने,

७. पत्र लेखन हस्त लिखित (Handwritten) वा टाइप गरेर पठाउन सकिने,

८. सहभागीले हालसालै खिचेको फोटो पठाउनु पर्ने, (फोटो कुनै कागजातमा नटासीकन पठाउनुहुन)

९. पत्र लेखन खाम बन्दी गरी गोश्वारा हुलाक कार्यालय, प्रशासन शाखा, डिल्लीबजार, काठमाडौंको नाममा पठाउनु पर्नेछ तथा पत्र लेखन गर्ने सहभागीको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पत्र लेखनका साथ पठाउनु पर्ने,

१०. शर्त बमोजिम नभएका पत्रहरुलाई प्रतियोगितामा समावेश गरिने छैन ।

(दीपक कुमार नेपाली)
हुलाक अधिकृत

Postal code: 3090507 E-mail: kavre@nepalpost.gov.np G-mail : dpokavre11@gmail.com website: kavre.nepalpost.gov.np